नेपाल सरकार
# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

पत्र संख्या :
च.नं.:

## प्रेश विज्ञप्ती

आज मिति २०७२ मंसीर ६ गते विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले इन्धन समस्या समाधानार्थ र वातावरणमैत्री यातायातको प्रयोग बढाउने उद्देश्यले सरोकारवाला सरकारी निकाय र सब्बद्ध अभियन्ताका बिच छलफल कार्यक्रम आयोजना गरेको थियो । विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयका सचिव डा. कृष्ण चन्द्र पौडेलको अध्यक्षतामा भएको छलफल कार्यक्रममा वर्तमान इन्धन संकटको अवस्थामा सरकारी निकाय, गैरसरकारी निकाय र सर्वसाधारणलाई वातावरणमैत्री सवारी साधनको प्रयोग गर्न अभिप्रेरित गर्नु आवश्यक रहेको निष्कर्ष निकालेको छ । छलफलले इन्धन आवश्यक नपर्ने साइकल र नविकरणीय तथा वैकल्पिक उर्जाद्धारा संचालन हुने सवारी साधनको प्रयोगका लागि आम नागरिकलाई आब्हान गर्दै मिति २०७२।८।९ गते बुधवार विहान ७:३० बजे ललितपुर जावलाखेल चोकबाट थापाथली, त्रिपुरेश्वर, रत्नपार्क, जमल, नारायणहिटी दक्षिणगेट, कमलपोखरी ( कृष्ण पाउरोटी भण्डार ), पुतलीसडक, पद्मोदय उ.मा.वि., राष्ट्रिय सभागृह, भद्रकाली (नयाँ वाटो ), माइतीघर मण्डला हुदै वन विभागको प्राङ्गण सम्म माननीय विज्ञान प्रविधि तथा वातवरण मन्त्रालयका मन्त्रीज्यूको नेतृत्वमा बृहत साइकल र्‍याली आयोजना गर्ने निर्णय गरेको छ । उक्त र्‍यालीमा नेपाल सरकारका निकायहरु, नेपाल प्रहरी, वातावरणका क्षेत्रमा कार्यरत संघ सस्था, वातावरण अभियन्ता, सर्वसाधरण इच्छुक सबैलाई आफ्नो साइकल सहित सहभागी हुन मन्त्रालय आव्हान गर्दछ ।

प्रवक्ता एवं सहसचिव
महेन्द्र कुमार थापा
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय



कार्यालयको ठेगाना :
सिंहदरबार, काठमाडौं
नेपाल

कार्यालयको टेलिफोन नं.:
४२११७३४, ४२११६४१, ४२११९९६
४२११९४६, ४२११८९४, ४२११७३७
४२११५८६, ४२११६९८

फ्याक्स नं.:
९७७-१-४२११९५४

इमेल:
info@moste.gov.np

वेव साईट:
www.moste.gov.np